# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संङ्ख्याः ५ मिति २०८१ असोज ०८ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

**भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ**

" विद्युतीय चुलो उपयोग तथा वितरण कार्यविधि २०८१"
गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०६।०८



प्रमाणीकरण मितिः २०८१।०६।१३
राजपत्रमा प्रकाशन मितिः २०८१।०६।१४

संवत् २०८१ सालको कार्यविधि नं. ३

**प्रस्तावनाः** विद्युतीय चुलोको प्रयोग मार्फत राष्ट्रिय आएको बृद्धिमा टेवा पुऱ्याउदै बढ्दो घरायसी प्रयोजनका लागि आयात गरिने LPG ग्यासलाई निरुत्साहित गर्दै स्वदेशमा नै उत्पादित विद्युतको प्रयोग मार्फत राष्ट्रिय आएमा बृद्धि द्वारा आत्मनिर्भरता तर्फ लाग्ने उदेश्यलाई आत्मसाथ गर्दै गाउँपालिका बासीहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन, महिलाहरूको घरायसी कार्यबोझ कम गरी आर्थिकोपार्जन क्रियाकलापहरू मा प्रेरित गर्न, इन्धनको लागि जंगलमा रहेको निर्भरता कम गरी हरियो बन भुम्लुको धन भन्ने नारालाई सार्थकता दिन भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाले यो विद्युतीय चुलो उपयोग तथा वितरण सम्बन्धी कार्यविधि २०८१ तर्जुमा गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्युतीय चुलो वितरण तथा उपयोग कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि भुम्लु गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "बिद्युतिय चुलो" भन्नाले भुम्लु गाउँपालिकाले उपलब्ध गराउने इन्डक्सन वा अन्य चुलो सम्झनु पर्छ ।

ख) "अध्यक्ष" भन्नाले भुम्लु गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले भुम्लु गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

ङ) "कार्यपालिका" भन्नाले भुम्लु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भुम्लु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ) "लाभग्राही" भन्नाले भुम्लु गाउँपालिकाले छनौट गरेका लाभग्राही सम्झनुपर्दछ ।

ज) "वडा अध्यक्ष" भन्नाले भुम्लु गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनुपर्छ ।

झ) "वडा समिति" भन्नाले भुम्लु गाउँपालिका अन्तरगतका वडा समिति सम्झनुपर्छ ।

## परिच्छेद-२
## लाभग्राही परिवार छनौट प्रक्रिया

३. <u>लाभग्राही घरपरिवार छनौट प्रक्रियाः</u>





१. विद्युतीय चुलो, प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका लाभग्राहीबाट अनुसूची १ को ढाँचामा आफू रहेको वडामा आवेदन दिन सक्ने गरी गाउँपालिकाबाट कम्तीमा ७ (सात) दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

२. उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरूको विवरण र अन्य कागजातहरू वडा कार्यालयले एकमुस्ट रुपमा गाउँपालिका जिन्सी शाखा पठाउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम गाउँपालिकामा पेस भएका लाभग्राहीहरू लाई गाउँपालिकाले (आवश्यक परेमा छनौटका सूचकहरू समेत निर्धारण गरी) लाभग्राहीहरूको अन्तिम नामावली छनौट गर्नु पर्ने छ ।

४. लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रूपले विपन्न परिवार, दलित, असहाय महिला, अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

५. उपदफा (१) बमोजिम निवेदन दिँदा निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ ।
   क) नेपाली नागरिकताको प्रमाणपत्र।
   ख) आफू पर्ने वर्ग खुल्ने कागज ।

४. <u>लाभग्राही घरपरिवारको छनौटको आधारहरुः</u>

क) भुम्लु गाउँपालिका भित्र स्थायी रूपले बसोबास भएको हुनु पर्ने।

ख) नेपाली नागरिक भएको हुनुपर्ने ।

ग) यस भन्दा अगाडि गाउँपालिकाबाट यस प्रकारको सुविधा प्राप्त नगरेको हुनुपर्ने ।

घ) वृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रूपले विपन्न परिवार, दलित, असहाय महिला, अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइने ।

ङ) गाउँपालिकालाई बुझाउनु पर्ने राजस्व, पेस्की र बेरुजु बुझाउन बाँकी नरहेको हुनुपर्ने।

५. <u>इन्डक्सन चुलो वितरण सम्बन्धी व्यवस्थाः</u>

१) गाउँपालिका बाट छनौट भएका लाभग्राही घरपरिवारलाई गाउँपालिकाले न्युनतम ६०% देखि अधिकतम ७५% र सम्बन्धित लाभग्राहीबाट न्युनतन २५% देखि ४०% साझेदारी गरी वितरण गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले निःशुल्क समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३) एक घरमा एकभन्दा बढीलाई बिधुतिय चुलो वितरण गरिने छैन ।

६. <u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्था</u>

१. लाभग्राही घरपरिवारलाई वितरण गरिने विद्युतीय चुलो, सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।





२. उपदफा (१) बमोजिम खरिद गरिएका विद्युतीय चुलो प्राप्त गर्न छनोट भएका लाभग्राही संग साझेदारी बराबर रकम लिए पछि विद्युतीय चुलो वितरण गरिने छ।

७. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>

विधुत्तिय चुलो, वितरण सम्बन्धमा भुम्लु गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि बमोजिम वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गर्नेछ ।

८. <u>दण्ड जरिबाना सम्बन्धी व्यवस्था</u>

यदि कसैले झुटा विवरण पेस गरी यस कार्यविधि बमोजिम सेवा सुविधा लिएको प्रमाणित भएका वितरण गरिएको सामान फिर्ता गर्न लगाई गरी कानुन बमोजिम कारबाही गरिने छ ।

९. बाधा अड्काउ फुकाउने

१. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०. **परिमार्जन, संशोधन तथा खारेजी तथा बचाउ**

१. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन, संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२. संघिय सरकार र प्रदेश सरकारबाट जारी भएको कानुन सँग यो कार्यविधि बाझिएमा बाझिएको हदमा

संघिय सरकार र प्रदेश सरकारले बनाएको कानून बमोजिम हुनेछ ।

## अनुसूची - १

दफा (३) को उपदफा (१) सँग सम्बन्धित

मिति

श्रीमान् वडा अध्यक्षज्यू,
.......वडाको कार्यालय
भुम्लु-...... ......... काभ्रेपलान्चोक

विषयः विद्युतीय चुलो, माग सम्बन्धमा ।

प्रस्तुत विषयमा भुम्लु गाउँपालिका, कार्यालयको मिति......... को विद्युतीय चुलो, वितरण गर्न प्रकाशित सूचना बमोजिम तपसिलको मेरो पारिवारिक विवरण सहित आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरी पेस गरेको छु ।

घरमुलीको नाम थरः
बाबु/आमा/श्रीमान/श्रीमतीको नाम थरः
परिवारको सदस्य संख्याः महिलाः पुरुषः
सम्पर्क नः
यस आ. व. भन्दा अघि भुम्लु गाउँपालिकाद्धारा वितरण भएको यस प्रकृतिका सामाग्रीहरू/उपकरण मेरो परिवारको सदस्यले लिएका





छैनौ । गाउँकार्यपालिकाले तोकेका शर्तहरू मान्य तयार छु । प्राप्त सामाग्रीहरू अरू कसैलाई बेचबिखन समेत गर्ने छैन । उल्लिखित सबै ब्यहोरा सत्य साँचो हो झुष्ठा ठहरे प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु ।

निवेदकको
हस्ताक्षरः
नाम थरः
सम्पर्क नः

आज्ञाले
सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत